**नेपाल सरकार**
**ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**ताहाचल, काठमाडौं**
**फोन नं. : ४५९८०१३, ४५९८०१४**
**इमेल : info@aepc.gov.np**
**वेभसाइट : www.aepc.gov.np**

# स्वतः प्रकाशन

(Proactive Disclosure of AEPC)

(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम)

**पौष, २०८२**

# विषय सूची

(१) केन्द्रको स्वरुप र प्रकृति ........ ३

(२) केन्द्रको काम कर्तव्य र अधिकार ........ ३

२.१ केन्द्रको उद्देश्य ........ ४

(३) केन्द्रमा रहने कर्मचारी संख्या र कार्य विवरण ........ ४

३.१ संस्थागत संरचना : ........ ६

(४) केन्द्रबाट प्रदान गरिने सेवा (नागरिक बडापत्र) ........ ८

(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी ........ १२

(६) सेवा प्राप्त गर्नको लागि दस्तुर र अवधी ........ १२

(७) निर्णय गर्ने प्रकृया र अधिकारी ........ १२

(८) निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ १२

(९ ) सूचना अधिकारी र प्रमुखको नाम र पद ........ १२

(१०) हालसम्म सम्पादन भएका मुख्य कार्य ........ १२

(११) केन्द्रको कार्यसँग संवन्धित ऐन, नियम, विनियम वा निर्देशिका सूची ........ १३

(१२) आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी संक्षिप्त विवरण ........ १३

(१३) तोकिएबमोजिम अन्य विवरण ........ १३

## (१) केन्द्रको स्वरुप र प्रकृति

विकास समिति ऐन, २०१३ अन्तर्गत वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश, २०५३ मार्फत जारी गरी २०५३ साल कार्तिक १८ मा स्थापित वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले नेपाल सरकारको नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता क्षेत्रको फोकल एजेन्सीको रुपमा कार्य गर्दछ। यस केन्द्रको सञ्चालनको लागि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका मन्त्रीज्यूको अध्यक्षतामा ११ सदस्यीय सञ्चालक समिति रहेको छ।

यस केन्द्रले प्रदेश सरकार, स्थानीय तह विभिन्न सरकारी निकायहरु, गैरसरकारी संस्था, निजी क्षेत्र, नागरीक समाज, उपभोक्ता समूहहरुसँग सहकार्य गरी देशमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको प्रवर्द्धन तथा विकास गर्दै आएको छ। केन्द्रले मागमा आधारित भै सार्वजनिक निजी साझेदारी पद्धतिमा कार्यक्रमहरु संचालन गर्दछ। केन्द्रका मुख्य कार्य क्षेत्रहरु लघु तथा साना जलविद्युत (१० मेगावाट सम्मको आयोजना), सुधारिएको पानी घट्ट, जैविक ऊर्जा, ऊर्जा दक्षता, जलवायु तथा कार्बन, वायु ऊर्जा, भूतापिय ऊर्जा (तातोपानीको मूल) आदि रहेका छन्।

## (२) केन्द्रको काम कर्तव्य र अधिकार

यस केन्द्रका प्रमुख कार्यहरु यस प्रकार छन् :

(क) वैकल्पिक ऊर्जा प्रविधिको विकास तथा विस्तारका लागि उपयुक्त नीति तथा कार्यक्रमहरू तयार गरी वैकल्पिक ऊर्जा प्रविधिको प्रवर्द्धन तथा विस्तार गर्ने।
(ख) वैकल्पिक ऊर्जा प्रविधिको गुणस्तर मापन तथा निर्धारण गर्ने।
(ग) नेपाल सरकार, विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त स्रोत साधनको आधारमा तयार गरिने वैकल्पिक ऊर्जा तथा ऊर्जा दक्षता विकास कार्यक्रमहरू प्रदेश र स्थानीय तहसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने।
(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूबीच वैकल्पिक ऊर्जा प्रविधि विकास सम्बन्धी विषयहरूमा जानकारी प्राप्त गर्न वैकल्पिक ऊर्जा प्रविधि सम्बन्धी नेटवर्क स्थापना गरी सो को विस्तार गर्ने।
(ङ) वैकल्पिक ऊर्जा प्रविधि विकासका लागि सूचना तथा तथ्यांक संकलन एवं विश्लेषण गर्ने र यसका लागि वैकल्पिक ऊर्जा सम्बन्धी नमुना आयोजनाहरू तयार एवं कार्यान्वयन गर्ने र सो सम्बन्धी पुस्तिका, लेख प्रकाशन एवं प्रदर्शन गर्ने, गराउने।
(च) वैकल्पिक ऊर्जा विकास कार्यक्रममा निजी क्षेत्रलाई सहभागी गराई वैकल्पिक ऊर्जाको प्रयोगमा व्यापकता ल्याउन बैंक तथा वित्तीय संस्थाहरूको ऋण प्रवाहका लागि उपयुक्त वातावरण सिर्जना गर्ने र सरकारी अनुदानलाई प्रभावकारी बनाउन आवश्यक सहयोग पुऱ्याउने।
(छ) वैकल्पिक ऊर्जा प्रविधिको विकास, विस्तार एवं सञ्चालन सम्बन्धमा सम्बन्धित निकायहरूलाई आवश्यक परामर्श सेवाहरु प्रदान गर्ने।
(ज) वैकल्पिक ऊर्जा तथा नवीकरणीय ऊर्जाका सम्बन्धमा राष्ट्रिय संस्था (नेशनल फोकल एजेन्सी) को रूपमा कार्य गर्ने।
(झ) समितिको वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृत गर्ने।
(ञ) वैकल्पिक ऊर्जा प्रविधिको प्रवर्द्धन, विकास तथा विस्तारका लागि नेपाल सरकार, विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट आवश्यक ऋण, अनुदान तथा सहयोग प्राप्त गर्ने।
(ट) वैकल्पिक ऊर्जा प्रविधि विकास तथा विस्तारका लागि दफा ४क. अनुसार ऋण प्रवाह गर्ने।
(ठ) समितिको कार्य सञ्चालनको लागि आवश्यकतानुसार कर्मचारीहरू नियुक्त गर्ने।
(ड) वैकल्पिक ऊर्जा सम्बन्धी राष्ट्रिय वा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार तथा सीपमूलक तालिम सञ्चालन गर्ने।
(ढ) वैकल्पिक ऊर्जा विकास एवं विस्तारमा भएका प्रत्यक्ष वा अप्रत्यक्ष उपलब्धिहरूको समीक्षा गरी प्राप्त उपलब्धिहरूलाई मार्गदर्शनको रूपमा लिने।
(ण) समितिको कामको नियमित अनुगमन, सुपरिवेक्षण र मूल्यांकनको व्यवस्था गर्ने।

(त) नवीकरणीय ऊर्जा सम्बन्धी जलवायु परिवर्तन तथा कार्बन उत्सर्जन न्यूनीकरण सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।
(थ) ऊर्जा दक्षता सम्बन्धी कार्यहरू गर्ने ।
(द) समितिको उद्देश्य प्राप्तिका लागि गर्नुपर्ने अन्य आवश्यक कार्यहरू गर्ने ।

## २.१ केन्द्रको उद्देश्य


यस केन्द्रका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :
(क) आधुनिक ऊर्जाको पहँच वृद्धि, खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको विस्तार, ऊर्जा दक्षताको अवलम्बन र ऊर्जाको उप्तादनमुलक उपयोग विस्तार गर्ने ।
(ख) नेपाल सरकार, विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त स्रोत साधनको आधारमा वैकल्पिक ऊर्जा तथा ऊर्जा दक्षता विकास कार्यक्रमहरु प्रदेश र स्थानीय तहसम्म प्रभावकारी कार्यान्वयन गर्ने गराउने ।
(ग) वैकल्पिक ऊर्जा तथा नवीकरणीय ऊर्जाका सम्बन्धमा राष्ट्रिय संस्था (नेशनल फोकल एजेन्सी) को रुपमा कार्य गर्ने ।
(घ) वैकल्पिक उर्जा प्रविधिको प्रवर्द्धन, विकास र विस्तारको लागि नेपाल सरकार विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट आवश्यक ऋण, अनुदान तथा सहयोग प्राप्त र परिचालन गर्ने ।
(ङ) नवीकरणीय ऊर्जा सम्बन्धी जलवायु परिवर्तन तथा कार्वन उत्सर्जन न्यूनीकरण सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।
(च) ऊर्जा दक्षता सम्बन्धी कार्यहरु गर्ने ।

## (३) केन्द्रमा रहने कर्मचारी संख्या र कार्य विवरण

(३.१) केन्द्रमा हाल कायम रहेको ५४ स्थायी दरबन्दी विवरण तपसिल बमोजिम रहेको छ :

| सि.नं. | पद | सेवा | समूह | तह | पद संख्या |
|---|---|---|---|---|---|
| १. | कार्यकारी निर्देशक | - | - | - | १ |
| २. | नायव कार्यकारी निर्देशक | प्र/प्रा | | ११ | १ |
| ३. | निर्देशक | प्र/प्रा | | १० | ३ |
| ४. | उप निर्देशक | प्रशासन | प्रशासन | ९ | २ |
| | उप निर्देशक | प्राविधिक | प्राविधिक | ९ | ४ |
| ५ | वरिष्ठ अधिकृत | प्रशासन | प्रशासन | ८ | २ |
| | वरिष्ठ अधिकृत | प्राविधिक | प्राविधिक | ८ | ८ |
| ६. | प्रशासकीय अधिकृत (सातौं) | प्रशासन | सा.प्र. | ७ | ३ |
| ७. | इन्जिनियर/प्राविधिक अधिकृत (सातौं) | प्राविधिक | प्राविधिक | ७ | ७ |
| ८. | सोसियो इकोनोमिष्ट | प्राविधिक | प्राविधिक | ७ | १ |
| ९. | कम्प्युटर अधिकृत | प्राविधिक | प्राविधिक | ७ | १ |
| १०. | प्राविधिक अधिकृत (छैठौं) | प्राविधिक | प्राविधिक | ६ | २ |
| ११. | लेखा अधिकृत (छैठौं) | प्रशासन | लेखा | ६ | १ |
| १२. | प्रशासकीय अधिकृत (छैठौं) | प्रशासन | सा.प्र. | ६ | २ |
| १३. | वरिष्ठ लेखा सहायक | प्रशासन | लेखा | ५ | १ |
| १४. | वरिष्ठ प्रशासन सहायक | प्रशासन | सा.प्र. | ५ | २ |
| १५. | सव इन्जिनियर | प्राविधिक | | ५ | ४ |
| १६. | प्रशासन सहायक | प्रशासन | सा.प्र. | ४ | १ |
| १७. | हलुका सवारी चालक | प्रशासन | | श्रेणी विहिन | २ |
| १८. | कार्यालय सहयोगी | प्रशासन | | श्रेणी विहिन | ५ |
| १९ | कुचिकार | प्रशासन | | श्रेणी विहिन | १ |
| जम्मा | | | | | ५४ |

## ३.१ संस्थागत संरचना :




**केन्द्रका महाशाखाहरु:**

क. योजना तथा अनुगमन महाशाखा

ख. प्रशासन महाशाखा

ग. प्रविधि प्रवर्द्धन महाशाखा

### क. योजना तथा अनुगमन महाशाखा

यो महाशाखाका कार्यहरु देहाय बमोजिम रहेका छन्:

- नेपाल सरकारको नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धि नीति तर्जुमामा सहयोग गर्ने, गराउने ।
- केन्द्रको वार्षिक कार्यक्रम तथा बजेट निमार्ण गर्ने गराउने तथा स्वीकृत गर्ने गराउने ।
- योजना कार्यान्वयनका लागि सम्बद्ध निकायहरुसँग समन्वय गर्ने ।

- केन्द्रको भविश्यको योजना तयार गरी ऊर्जा उत्पादनको आवधिक लक्ष्य तोक्ने ।
- प्राविधिक विषयसँग सम्बन्धित राष्ट्रिय, अन्तराष्ट्रिय गोष्ठी सेमिनार आयोजना गर्ने ।
- नीति तथा योजनासम्बन्धि नीतिगत सुझाव दिने ।
- केन्द्रको उन्नति, प्रगतिका साथै व्यवस्थित रुपमा कार्य संचालनका लागि सहयोग पुऱ्याउन विशेष योजना, अल्पकालीन/दिर्घकालीन योजना, रणनीति, कार्यविधि/निर्देशिका, मापदण्ड तथा कार्ययोजना तर्जुमा एवं संशोधन गर्ने गराउने कार्यहरु ।
- नवीकरणीय ऊर्जाको क्षेत्रमा सहयोग गर्ने अन्तराष्ट्रिय विकास साझेदार संस्थाहरुसँग समन्वय गर्ने, गराउने ।
- केन्द्रको आर्थिक तथा प्राविधिक सहयोगमा ग्रामिण तथा शहरी क्षेत्रमा व्यक्तिगत, सामुदायिक/सहकारी वा संस्थागत/निजी क्षेत्रबाट संचालन हुने नवीकरणीय ऊर्जा परियोजनाहरुमा समाजिक तथा वातावरणीय विश्लेषण गर्ने ।
- केन्द्रको नीति, योजना तथा कार्यक्रमहरुलाई लैंगिक तथा वातावरणीय हिसाबले संवेदनशिल हुने गरी तर्जुमा गर्न सहयोग पुऱ्याउने ।
- केन्द्रको लैंगिक, समावेशी तथा वातावरणमैत्री नीति तयार गरी लागू गर्ने ।
- जडान भएका नवीकरणीय ऊर्जा प्रणालीहरुको अनुगमन गर्ने, मुल्याङ्कन गर्ने ।

**ख. प्रशासन महाशाखा**

यो महाशाखाका कार्यहरु देहाय बमोजिम रहेका छन्:

- केन्द्र अन्तर्गतका सम्पूर्ण कर्मचारीहरुको नियुक्ति, पदस्थापना, सरुवा,वृत्ति विकास लगायतका कार्य गर्ने ।
- केन्द्र अन्तर्गतका सम्पूर्ण कर्मचारीहरुको वैयक्तिक विवरण अद्यावधिक गर्ने गराउने ।
- प्रचलित ऐन, नियम र विद्यमान व्यवस्थाको अध्ययन विश्लेषण गर्ने तथा नीति, नियम, निर्देशिका एवं परिपत्र कार्यान्वयन गर्ने ।
- केन्द्रका आर्थिक कारोवार नियमित तथा पारदर्शी रुपमा राख्न लागाई आर्थिक अनुशासन कायम गर्ने, गराउने कार्यहरु ।
- केन्द्रको भौतिक सम्पत्तिको संरक्षण, उपयोग तथा प्रभावकारीता अभिवृद्धि गर्ने कार्यहरु ।
- केन्द्रको यथार्थ आर्थिक तथा भौतिक अवस्थाको लागि प्रचलित नियम बमोजिम जिन्सी निरीक्षण, लेखापरीक्षण गर्ने गराउने कार्यहरु ।
- प्रचलित नियम बमोजिम खरिद सम्बन्धि कार्य गर्ने, गराउने ।
- केन्द्रको विकास, विस्तार तथा आधुनिकीकरणका लागि आवश्यक अध्ययन, अनुसन्धान गर्ने गराउने र त्यसलाई लागू गर्ने कार्यहरु ।
- केन्द्रको जनशक्ति विकासका लागि कार्ययोजना बनाउने ।
- कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि स्वदेश तथा वैदेशिक अध्ययन, अवलोकन भ्रमणका लागि मनोनयन गर्ने ।
- केन्द्रका कर्मचारीहरुको कार्यविवरण तयार गरी लागू गराउने ।

**ग. प्रविधि प्रवर्द्धन महाशाखा**

यो महाशाखाका कार्यहरु देहाय बमोजिम रहेका छन्:

- नवीकरणीय ऊर्जा सम्बन्धि प्राविधिक मापदण्डको डिजाइन तयार गर्ने, गराउने ।
- नवीकरणीय ऊर्जा प्रविधिको अनुसन्धान तथा विकासको क्षेत्रमा कार्यरत निजी क्षेत्रका व्यक्ति/संस्थाहरुलाई सम्झौताका आधारमा अनुदान दिने ।
- केन्द्रले विकास गरेका तथा अवलम्बन गरेका नवीकरणीय ऊर्जा प्रविधिहरुलाई प्रचलित कानुन अनुसार पेटेन्ट, डिजाइन तथा ट्रेडमार्क सुरक्षित गर्ने र आवश्यकता अनुसार प्रविधि हस्तान्तरणको कार्य गर्ने, गराउने ।
- नवीकरणीय ऊर्जाको क्षेत्रमा मुलुकको भौगोलिक अवस्था तथा स्थानीय स्रोत साधनमा आधारित परम्परागत वा नयाँ प्रविधिको अनुसन्धान तथा विकास गर्ने ।
- ऊर्जा दक्षता (Energy Efficiency) बढाउन आवश्यक अध्ययन, अनुसन्धान तथा प्रयोग गर्ने र सो को नतिजा सार्वजनिकीकरण (Dissemination) गर्ने ।
- स्वच्छ तथा हरित ऊर्जाको लाभको बारेमा जनचेतना अभिवृद्धि गर्ने ।
- शाखाबाट सिफारिस भएका नवीकरणीय ऊर्जा प्रविधिको विस्तारमा सहयोग पुऱ्याउने ।
- नवीकरणीय ऊर्जा परिक्षण केन्द्र (RETS) लाई प्रविधि परिक्षणमा सहयोग गर्ने ।
- वार्षिक कार्यक्रम कार्यान्वयनको नियमित रुपमा जानकारी, सहजिकरण गरी कार्य सन्पन्न गर्न सहयोग गर्ने ।

**(४) केन्द्रबाट प्रदान गरिने सेवा (नागरिक बडापत्र)**

| क्र.स. | प्रदान गरिने सेवा | आवश्यक कागजातहरु | लाग्ने समय | सम्पर्क शाखा | लाग्ने दस्तुर | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | सौर्य ऊर्जा प्रणालीका उपकरणहरुमा भन्सार तथा मु.अ.कर छुटको लागि सिफारिस | १.सम्बन्धित कम्पनीको निवेदन ।<br>२. कम्पनी दर्ता, मु.अ. कर आयकर दर्ता, नियमावली, कर चुक्ता प्रमाणपत्र र ३ वर्षको व्यवसायिक योजना । ३. उपकरणको प्राविधिक स्पेसिफिकेसन, भन्सार विभागको फाराम र प्रोफर्मा वा कमर्सियल इन्भ्वाईस, भन्सार प्रज्ञापन पत्र तथा कर तिरेको रसिद ।<br>४. आयात, विक्री तथा मौज्दात विवरण फाराम । ५. Letter of Credit/Certificate या Origin<br>६. प्याकेजिङ तथा तौलको विवरण । ७. PIT र RST गरेको सर्टिफिकेट PIT वा RST का लागि नवीकरणीय ऊर्जा परिक्षण केन्द्रले दिएको प्रमाण पत्र)<br>८. कम्पनीमा कम्तिमा १ जना सौर्य ऊर्जा इन्जिनियर रहेको प्रमाण । | ३ दिन | सौर्य ऊर्जा शाखा | नलाग्ने | शाखा प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | नेपाल सरकारको अनुदानमा सञ्चालित सौर्य ऊर्जाका कार्यक्रमहरुमा अनुदान सहयोग ( सौर्य सडक बत्ती, शहरी सौर्य ऊर्जा प्रणाली, सौर्य सिंचाई प्रणाली, संस्थागत सौर्य ऊर्जा प्रणाली, सौर्य तथा वायू मिनि ग्रीड, सोलार ड्रायर तथा कुकर र घरेलु सौर्य ऊर्जा प्रणाली जडान) (नोटः नेपाल सरकारले बजेट बिनियोजन गरेको आ. व. का लागि मात्र) | केन्द्रले तयार पारेको ढाँचामा निवेदन र सो सम्बन्धी फारम भरी माग भएको आवश्यक कागजात सहित पेश गर्ने<br>व्यक्तिगत प्रयोजनको हकमा : यस केन्द्रले तयार पारेको ढाँचामा निवेदन र सो सम्बन्धि फारम भरी माग भएको आवश्यक कागजात सहित पेश गर्ने<br>व्यक्तिगत प्रयोजनको हकमा :<br>१. सम्बन्धित स्थानिय तहको सिफारिस<br>२. सौर्य ऊर्जा प्रणाली मागका लागि केन्द्रले तयार पारेको ढाँचामा निवेदन<br>३. अनुदानका लागि माग गरेको सौर्य ऊर्जा प्रणालीको सम्बन्धित आवेदन फारम<br>४. प्रतिवद्वता पत्र (केन्द्रले तोके बमोजिमको लागत साझेदारीका लागि मात्र)<br>सामुदायिक प्रयोजनको हकमा :<br>१. उपभोक्ता समितिले गरेको निर्णयको प्रतिलिपि<br>२. सम्बन्धित स्थानीय तहको सिफारिस<br>३. सौर्य ऊर्जा प्रणाली मागका लागि केन्द्रले तयार पारेको ढाँचामा निवेदन<br>४. अनुदानका लागि माग गरेको सौर्य ऊर्जा प्रणालीको सम्बन्धित आवेदन फारम<br>५. प्रतिवद्धतापत्र (केन्द्रले तोके बमोजिमको लागत साझेदारीका लागि मात्र)<br>सार्वजनिक संस्थाको प्रयोजनको हकमा :<br>१. सौर्य ऊर्जा प्रणाली मागका लागि केन्द्रले तयार पारेको ढाँचामा सम्बन्धित संस्थाको निवेदन<br>२. सम्बन्धित स्थानीय तहको सिफारिस<br>३. अनुदानका लागि माग गरेको सौर्य ऊर्जा प्रणालीको सम्बन्धित आवेदन फारम<br>४. प्रतिबद्वता पत्र (केन्द्रले तोके बमोजिमको लागत साझेदारीका लागि मात्र) | ६ महिना देखि १२ महिना | सौर्य ऊर्जा शाखा | नलाग्ने | शाखा प्रमुख |
| ३. | तोकिएको क्षेत्रमा नवीकरणीय ऊर्जा प्रविधि तथा ऊर्जाको उत्पादनमुलक | नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधिमा व्यवस्था भए अनुरुपका कागजातहरु । | | अनुदान प्रसोधन ईकाई वा सम्बन्धित शाखा | नलाग्ने | शाखा प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | परिप्रयोगको लागि अनुदान प्रवाह | | | | | |
| ४. | जैविक ऊर्जामा आधारित सुधारिएको चुलोका उपकरणहरुको आयातमा भन्सार छुटको लागि सिफारिस | १. सम्बन्धित कम्पनीको निवेदन ।<br>२. कम्पनी दर्ता, आयकर/मु. अ. कर दर्ता र कर चुक्ता प्रमाणपत्र ।<br>३. प्रोफर्मा इन्भ्वाईस र कम्पनी प्रबन्ध पत्र ।<br>४. एल. सि. खोलिएको कागजको प्रति | ३ दिन | जैविक ऊर्जा शाखा | नलाग्ने | शाखा प्रमुख |
| ५. | जडान गरिएका लघु जलविद्युत प्रणालीका उपकरणहरुमा मुल्य अभिबृद्धि कर फिर्ताको लागि सिफारिस | १. उपभोक्ता समितिको निवेदन ।<br>२. मु.अ.कर फिर्ता माग्न उपभोक्ता समितिको बैठकले गरेको निर्णयको प्रतिलिपी ।<br>३. आयोजनाको निर्माण कम्पनीसँग गरिएको सम्झौताको प्रतिलिपी ।<br>४. सम्बन्धित कम्पनीसँग मागिएको कोटेसनको प्रतिलिपी ।<br>५. VAT Bill को सक्कल प्रतिको साथै प्रति प्रतिलिपी ।<br>६. सम्बन्धित आयोजनाको विधान, आयोजना सामुदायिक र नाफा रहित हो भन्ने उल्लेख भएको प्रमाण ।<br>७. उपभोक्ता समितिको स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको सक्कल प्रतिको साथै प्रतिलिपि । ८. उपभोक्ता समिति दर्ता प्रमाण पत्रको प्रतिलिपि । | ३ दिन | सामुदायिक विद्युतीकरण शाखा | नलाग्ने | शाखा प्रमुख |
| ६ | नेपाल सरकारको अनुदान सहयोग सहित संस्थागत बायोग्यास प्लाण्ट जडानको स्वीकृति प्रदान | सम्बन्धित प्लान्ट धनी संस्था/समुदायको निवेदन । | सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएको १५ दिन | जैविक ऊर्जा शाखा | नलाग्ने | शाखा प्रमुख |
| ७ | नेपाल सरकारको अनुदान सहयोग सहित सामुदायिक बायोग्यास प्लाण्ट जडानको स्वीकृति प्रदान | १.समुदायको निवेदन ।<br>२.स्थानिय तहमा समुदायिक उपभोक्ता समिति दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।<br>३.प्रस्तावित समुदायमा बायोग्यास निर्माणको लागि स्थानिय तहबाट सिफारिस ।<br>४.बायोग्यास निर्माण सम्बन्धी उपभोक्ता समितिको बैठकबाट गरिएको निर्णयको प्रतिनिपि । | सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएको १५ दिन | जैविक ऊर्जा शाखा | नलाग्ने | शाखा प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | नेपाल सरकारको अनुदान सहयोग सहित व्यावसायिक बायोग्यास प्लाण्ट जडानको स्वीकृति प्रदान | १. सम्बन्धित व्यावसायिक संस्थाको निवेदन<br>२. कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>३. मु. अ. कर र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>४. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि | सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएको १५ दिन | जैविक ऊर्जा शाखा | नलाग्ने | शाखा प्रमुख |
| ९ | नेपाल सरकारको अनुदान सहयोग सहित नगरपालिकाको फोहरबाट ऊर्जा निकाल्न स्वीक्ति प्रदान | नगरपालिकाको तर्फबाट आशयपत्र | सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएको १५ दिन | जैविक ऊर्जा शाखा | नलाग्ने | शाखा प्रमुख |
| १० | बायोग्यास ऊर्जा प्रणालीका उपकरणहरुमा भन्सार तथा मु.अ.कर छुटको लागि सिफारिस | १.सम्बन्धित कम्पनीको निवेदन ।<br>२. कम्पनी दर्ता, मु.अ.कर, आयकर दर्ता, कर चुक्ता प्रमाणपत्र ।<br>३. प्रोफर्मा इन्भ्वाईस ।<br>४. आयातित सामानको प्राविधिक विवरण (Technical Specification) ।<br>५. आयात, विक्री तथा मौज्दातको विस्तृत विवरण । ६. एल.सि. खोलेको कागजको प्रतिलिपि । | ३ दिन | जैविक ऊर्जा शाखा | नलाग्ने | शाखा प्रमुख |
| ११ | सरकारी, सार्वजनिक, निजी संस्थाको ऊर्जा परिक्षण तथा ऊर्जा व्यवस्थापन योजना कार्यान्वयन तथा जानकारी | सम्बन्धित संस्थाको माग फारम सहितको निवेदन । | बढिमा १५ दिन | ऊर्जा दक्षता शाखा | नलाग्ने | शाखा प्रमुख |
| १२ | केन्द्रका प्रकाशन, सूचना, तथ्यांक, जानकारी | निवेदन । | सूचनाको प्रकृती हेरेर बढिमा १५ दिन | सञ्चार तथा सूचना प्रविधि ईकाई | इकाशन निशुल्क, सूचना प्रति हेरेर १० पेजसम्म निःशुल्क, सो भन्दा बढि भएमा प्रति पेज रु. ५ | शाखा प्रमुख |

**(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

माथि बुँदा ४ मा खुलाइएको ।

**(६) सेवा प्राप्त गर्नको लागि दस्तुर र अवधी**

मथि बुँदा ४ मा खुलाइएको ।

**(७) निर्णय गर्ने प्रकृया र अधिकारी**

माथि बुँदा ४ मा खुलाइएको ।

**(८) निर्णय उपर उजुरी सुन्ने अधिकारी**

गुनासो व्यवस्थापन फोकल प्वाइण्ट : रुद्र प्रसाद खनाल, निर्देशक

केन्द्रको उपर अन्तिम गुनासो सुन्ने अधिकारी :
नवराज ढकाल, कार्यकारी निर्देशक

**(९ ) कार्यालय प्रमुख, प्रवक्ता र सुचना अधिकारीको नाम र पद**

**कार्यालय प्रमुख :** नवराज ढकाल, कार्यकारी निर्देशक

**प्रवक्ता :** डा.नारायण प्रसाद अधिकारी, नायव कार्यकारी निर्देशक

**सूचना अधिकारी :** पार्वता भट्ट, उप निर्देशक

**(१०) हालसम्म सम्पादन भएका मुख्य कार्य**

- आ.व. २०८२/८३ को पौष मसान्त सम्मको समग्र भौतिक प्रगति विवरणलाई हेर्दा ४०,७१७ किलोवाट लघु तथा साना जलविद्युत आयोजना र ११,१०४ संख्यामा सुधारिएको पानीघट्ट जडान भएका छन् ।
- त्यस्तै सौर्य ऊर्जातर्फ १०,००,७८९ वटा घरेलु सौर्य विद्युत प्रणाली; ४,५४० वटा संस्थागत सौर्य विद्युत प्रणाली ; ३,९८९ किलोवाट पिक सौर्य मिनिग्रीड र सौर्य वायु मिनिग्रीड ; ३२,७१८.१२ किलोवाट पिक सौर्य रुफटप; २,४६४ वटा सौर्य ड्रायर तथा कुकर ; ४,४५२ वटा सौर्य खानेपानी तथा सिंचाइ पम्प; ३,३०९ वटा सौर्य सडक वत्ती र ४,८६५ वटा मठ, मन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा प्रणाली जाडान भएका छन् ।
- साथै जैविक ऊर्जा प्रविधितर्फ १,७३,८१० वटा फलामे सुधारिएको चुलो; ३३ वटा संस्थागत ग्यासिफायर; ८१,८०० वटा विद्युतीय चुलो; ४,५६,३९० वटा घरायसी बायोग्यास; १४,२३,२४२ वटा सुधारिएको माटोको चुलो; ३८२ वटा संस्थागत, शहरी तथा व्यवसायिक बायोग्यास जडान सम्पन्न भएका छन् ।
- ऊर्जा सेवालाई आर्थिक क्रियाकलापहरुसँग सम्बद्ध गराउन १७६६ वटा ऊर्जाको उत्पादनमूलक परिप्रयोग कार्य भएका छन् ।
- हालसम्म अनुपालन बजारको सीडीएम रजिष्ट्री अन्तर्गत आठ वटा कार्बन परियोजना र स्वैच्छिक बजारको ( गोल्ड स्ट्यान्डर्ड र भेरा) रजिष्ट्रीमा छ वटा आयोजना विकास र कार्यान्वयन गरी केन्द्रले वार्षिक रुपमा आठ लाख यूनिट (tonnes of $CO_{2eq}$) भन्दा बढी प्रमाणित उत्सर्जन न्यूनीकरण गरेको छ ।
- केन्द्रले हालसम्म कार्बन व्यापारबाट ३६ मिलियन अमेरिकी डलर भन्दा बढी रकम आम्दानी गरिसकेको छ ।

**(११) केन्द्रको कार्यसँग संवन्धित ऐन, नियम, विनियम वा निर्देशिका सूची**

- वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०५३
- वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति कर्मचारी सेवा शर्त नियमावली (छैठौं संशोधन सहित), २०६६
- जैविक ऊर्जा रणनीति, २०७३
- राष्ट्रिय ऊर्जा दक्षता रणनीति, २०७५
- ग्रामीण ऊर्जा नीति, २०६३
- नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८
- नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७९
- केन्द्रीय नवीकरणीय ऊर्जा कोष (सञ्चालन) निर्देशिका (प्रथम संशोधन सहित), २०७१
- वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, आर्थिक अनुशासन तथा सुशासन नियमावली, २०७५
- वातावरणीय तथा सामाजिक सुरक्षण नीति, २०७५
- आयोजना मुल्यांकन तथा समापन संम्बन्धि कार्यविधि, २०७५
- लैगिंक समानता तथा सामाजिक समावेशिकरण नीति, २०७५
- वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र कार्यस्थलमा हुनसक्ने यौनजन्य शोषण, दुरुपयोग र दुर्व्यवहार (निवारण) आचार संहिता, २०८१

**(१२) आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी  संक्षिप्त विवरण**

| बजेट उपशीर्षक नं | कार्यक्रमको नाम | कुल वार्षिक बजेट | यस आ.व को जम्मा खर्च रु. (श्रावण देखी मंसिर सम्म को) |
|---|---|---|---|
| ३०८००१०३ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | ४५,३८,००,००० | २,४७,०७,७२९।१६ |
| ३०८००१०४ | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम | १,८७,५०,००,००० | ३०,५२,५७,२९८।८ |

**(१३) तोकिएबमोजिम अन्य विवरण**

**(क) केन्द्र अर्न्तगत हाल संचालित मुख्य कार्यक्रम/ आयोजना/ परियोजना**

- ग्रामीण जिविकोपार्जनको लागी नवीकरणीय ऊर्जा कार्यक्रम (RERL)
- नेपाल नवीकरणीय ऊर्जा कार्यक्रम (NREP)
- दक्षिण एसियाली उपक्षेत्रीय विद्युत प्रणाली विस्तार आयोजना (SASEC)
- ग्रामीण अर्ध शहरी क्षेत्रको लागि सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रम (AEPC/KFW-DKTI Solar Project)
- स्वच्छ चुलो कार्यक्रम (Clean Cooking Solution)
- मिनिग्रीड एनर्जि एक्सिस परियोजना (MGEAP)

**(ख) केन्द्रको वेबसाइट :** www.aepc.gov.np

**(ग) वर्गीकरण तथा संरक्षण गरिएको सूचनाको नामावली त्यस्तो सूचना संरक्षण गरेको तोकिएको समयावधी**

- त्यस्तो सूचना नरहेको ।